# शिवपुरी गाउँपालिका
## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र



| खण्डः ७ | संख्याः २८ | मितिः२०८०/१२/१३ |
|---|---|---|



## भाग – २

गाउँपालिकाबाट स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको निर्देशिका बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

शिवपुरी गाउँपालिकाको
एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०
नुवाकोट जिल्ला
बागमती प्रदेश, नेपाल

# शिवपुरी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** शिवपुरी गाउँपालिकाभित्र, खासगरी स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पुर्‍याउनका लागितथा यस पालिकाभित्र स्थायीरुपमा बसोबास गर्दै आएका सुत्केरी आमाहरुलाई सुत्केरी गराउन पालिकाभित्रका बर्थिङ्ग सेन्टरमा निःशुल्क ल्याउन लैजान, बर्थिङ्ग सेन्टरको प्रेषण पुर्जाको आधारमा सुविधा सम्पन्न अस्पतालसम्म सुत्केरी आमालाई निशुःल्क प्रेषण गर्न, “क” वर्गका फरक क्षमता भएका शिवपुरी गाउँपालिका स्थायी बासी (रातो कार्डवाला) लाई स्वास्थ्य उपचारको लागि अस्पतालसम्म निःशुल्क प्रेषण गर्न तथा एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) का अधिकार प्रयोग गरी शिवपुरी गाउँ कार्यपालिकाले देहायका कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भ** :

क) यो कार्यविधिको नाम “एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि पहिलो संशोधन २०८०” रहने छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रशंगले अर्को अर्थ लागेमा यस निर्देशिकामा :

क) “एम्बुलेन्स” भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन संझनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

ख) “एम्बुलेन्स जनशक्ति” भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ग) “चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

घ) “गाउँपालिका” भन्नाले शिवपुरी गाउँपालिकालाई सम्झनु पर्छ ।

ङ) “सेवा शुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

च) “सेवा” भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति**

१. एम्बुलेन्स सेवा सञ्चालनमा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेका एक एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क. गाउँपालिका उपाअध्यक्षः | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग.सामाजिक विकास समितिका संयोजक | सदस्य |
| घ. लेखा प्रमुख | सदस्य |
| ङ. शिवपुरी आधारभुत अस्पताल प्रमुख | सदस्य |
| च. महिला तथा बालबालिका इकाइ प्रमुख | सदस्य |
| छ. स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख | सदस्य सचिव |

२. दफा (३) को उपदफा(१) बमोजिमको एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३. समितिका बैठक आवश्यकता अनुसार बस्नेछ । समितिका बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिका बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।**

**५. समितिका काम कर्तव्य र अधिकार** :

(१) समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारका आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिई आचार संहिता पालना गर्न लगाउने। बारम्बार आचरण उलंघन गरेमा आवश्यकता अनुसार करार संझौता रद्ध गर्ने ।

ग) एम्बुलेन्स सेवाका वारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) जिल्लास्तरमा एम्बुलेन्स सम्बन्धी दररेट निर्धारण गर्ने निकायको सिफारीस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने ।

ङ) सरोकारवाला तथा अन्य संघहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा वारे समिक्षा बैठक गर्ने ।

च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) शिवपुरी शाखा सानिमा बैंकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयक्त नाममा शिवपुरी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कोष खडा गर्ने र भएका आम्दानीहरु सोही कोषमा दाखिला गर्ने

ज) चालककले अनुसुची १ बमोजिम सेवा शुल्क लिई बैंकमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

२. समितिका सदस्य सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षको जेष्ठ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

३. शिवपुरी गाउँपालिका अन्तर्गत बसोबास गर्ने सेवाग्राही, गाउँकार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने/नदिने निर्णय गर्नेछ ।

**६. सेवा शुल्क सम्बन्धी व्यवस्था :**

१. एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसुची १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ ।

२. सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

३. कोषको संचालन, संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ । कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ ।

४. देहाय बमोजिमको अवस्थामा मात्र निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

(क) शिवपुरी गाउँपालिकाभित्र स्थायीरुपमा बसोबास गर्दै आएका सुत्केरी आमाहरुलाई सुत्केरी गराउन पालिकाभित्रका बर्थिङ्ग सेन्टरमा निःशुल्क ल्याउन लैजान(दोहोरो) निःशुल्क यातायात सेवा प्रदान गरिनेछ ।

(ख) यदि बर्थिङ्ग सेन्टरमा सुत्केरी गराउन नसकिने अवस्थामा सो बर्थिङ्ग सेन्टरको प्रेषण पुर्जाको आधारमा सुविधा सम्पन्न अस्पतालसम्म सुत्केरी आमालाई निशुःल्क (एकतर्फी) प्रेषण गरिनेछ ।

(ग) शिवपुरी गाउँपालिका भित्रका गर्भावस्थामा अत्याधिक रक्तस्राव भई सुविधा सम्पन्न अस्पतालसम्म लैजादा स्थानीय स्वास्थ्य संस्थाको सिफारिस वा प्रेषण पुर्जाको आधारमा निःशुल्क (एकतर्फी) एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

(घ) शिवपुरी गाउँपालिकामा स्थायी बासी गर्ने“क”वर्गका फरक क्षमता भएका(रातो कार्डवाला) बिरामीलाई उपचार गर्ने उदेश्यले मात्र सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रेषण पुर्जाको आधारमा स्वास्थ्य उपचारको लागि अस्पतालसम्म लैजादा निःशुल्क (एकतर्फी) प्रेषण गरिनेछ ।

(ङ) एम्बुलेन्सबाट निःशुल्क यातायात सेवा प्रदान गर्दा पालिकाको एम्बुलेन्स सञ्चालन कोषबाट आवश्यक इन्धन र चालककलाई भत्ताको व्यवस्था गरिनेछ ।

**७. चालकको नियुक्ति र सेवा सुविधा :**

१. एम्बुलेन्स सेवा संचालनका लागि गाउँकार्यपालिकाले एक जना योग्यता चालक सेवा करारमा नियुत्ती गर्नेछ ।
२. चालकको पारिश्रमिक संझौतामा उल्लेख भए बमोजिम हुनेछ ।
३. चालकको रु ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाका प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट बेहोरिनेछ ।
४. चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची २ बमोजिम हुनेछ ।
५. एम्बुलेन्स सेवा सुचारु हुँदा चालकलाई भत्ता वापत काठमाडौं, त्रिशुली क्षेत्रभित्र प्रतिटिप रु ५००। (पाँच सय मात्र) र अन्य क्षेत्रको हकमा सो रकममा नघट्ने गरी समितिको निर्णय बमोजिम कोषबाट उपलब्ध हुनेछ ।
६ निःशुल्क एम्बुलेन्स सेवा दिदा कोषबाट प्रति टिप रु ५०० (पाँच सय रुपिया) चालकलाई भत्ताको व्यवस्था गरिनेछ ।
७. चालकलाई संचालक समितिको निर्णय बमोजिम थप अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

**८. एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभार :**

१. दफा ४ को उपदफा १ बमोजिम संचालन हुने एम्बुलेन्सको हकमा शिवपुरी गाउँपालिका वार्ड. नं. ५ रहेको शिवपुरी आधारभुत अस्पतालको हातामा रहनेछ ।
२. एम्बुलेन्सको नियमित मर्मत संभार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रु ५०००। सम्मको इस्टीमेट अनुसारको चालक आफैले समितिको परामर्श अनुसार मर्मत गर्न सकिनेछ । सो भन्दा बढीको मर्मत गर्नु पर्ने भएमा दफा ३ बमोजिमको समितिले निर्णय गरे बमोजिम हुनेछ ।
३. एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

**९. विविध :**

१. एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिका विवरण अनुसुची (३) बमोजिम हुनेछ ।
२. एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीका विमाका दायित्व सेवाग्राही स्वयंको हुनेछ ।
३. यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गाउँकार्यपालिकाले गर्नेछ ।

अनुसुची - १

(निर्देशिकाको दफा ६ को उप दफा १ र ४ संग सम्बन्धित लग बुक र सेवा शुल्क सम्बन्धी दररेट)

| सि.नं. | मिति | बिरामीको नाम | स्थान देखि | स्थान सम्म | सुरु कि.मि. | अन्तिम कि.मि. | स्वीकृत दररेट | जम्मा रकम | निःशुल्क एम्बुलेन्स सेवा | रकम बुझाउनेको हस्ताक्षर | सम्पर्क नं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

एम्बुलेन्सका तोकिएको सेवा शुल्क अनुसार रसिद भरी विरामी लैजाने बित्तिकै एम्बुलेन्स सेवा कोषमा बैंकमा बुझाउनु पर्नेछ ।

एम्बुलेन्सको सेवा शुल्क :

१. कच्ची सडक प्रति किलो मिटर रु २००।

२. ग्रावेल सडक प्रति किलो मिटर रु १५०।

३. पक्की सडक प्रति किलो मिटर रु १००।

४. शिवपुरी गाउँपालिकाको कार्यालय देखि १ किमी चक्रमा पर्ने वा स्थान सम्मका लागि रु २००। भाडा दर प्रस्ताव कायम गरिएको छ । यस शिवपुरी पालिका भित्र बिरामीको घरदेखि स्वास्थ्य संस्थासम्म वा स्वास्थ्य संस्थादेखि बिरामीको घरसम्म एम्बुलेन्स सेवा दिए बापत दुरीको आधारमा अधिकतम रु.२,५०० र शिवपुरी पालिका भन्दा बाहिर सेवा दिदा माथि उल्लेखित दुरीको आधारमा सेवा शुल्क लिन सकिनेछ ।

## अनुसुची - २
## (निर्देशिकाको दफा ७ को उपदफा (४) संग सम्बन्धित) एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७८ लाई पूर्णतः पालना गर्नुपर्ने,
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारीता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका वारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,
९. आफ्नो कामको सिलसिलामा पाएको कुनै सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना वारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुर्‍याउनु पर्ने,
११. आफुले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयं सजायको भागेदारी हुनेछ ।

म .. ................................ ठगोना .................................................. ना.प्र.प. नं. ............. जारी मिति ......................... जिल्ला, ड्राइभिङ लाइसेन्स नं. .......................... जारी मिति ............................................ ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । नुवाकोट जिल्ला शिवपुरी गाउँपालिकाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| | |
|---|---|
| चालकको: | रोहवरमा प्रमाणित गर्ने व्यक्तिको: |
| दस्तखत: | दस्तखत: |
| मिति: | नाम: |
| | पद: |
| | मिति: |
| | कार्यालयको छाप: |

## अनुसुची - ३
### (निर्देशिकाको दफा ९ को उपदफा (१) संग सम्बन्धित)
### "ख" वर्गको (Basic Life Support) एम्बुलेन्समा हुनुपर्ने औषधि,उपकरण र जनशक्तिको विवरण

- All Emergency Equipments
    - Stethoscope
    - B.P. Apparatus
    - Torchlight
- IV drips
- Cannulas and syringes
- ECG monitor with oxygen monitor
- Intubation set
- Various intubation tubes and laryngeal tubes
- Ambu bag
- Nebulizer set
- Cervical collars
- CPR board
- Oxygen supply
- OB kit
- Splints
- Catheterization sets

Others
- Washing equipments
- Wheelchair and trolley
- Radio communication
- Table with 4G connectivity

Staffs
- Ambulance driver with first aid trainings
- EMT

"ग" वर्गको (**common life support**) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Follow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Bed
- Stethoscope, BP Apparatus, Torchlight
- Driver with basic training in first aid and emergency medicine

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**